# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १०, मिति: २०८०/०६/०८

## भाग–२

# युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८०

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८०

मितिः २०८०।०६।०८

भरतपुर महानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दी कम भएका प्रतिकक्षा कम्तीमा एक दरबन्दी नभएका विद्यालयमा स्वयंसेवक शिक्षक थपगरी परिचालन गर्ने र विद्यालयमा कार्यरत शिक्षक प्रसूति बिदामा रहेको अवस्थामा पठन-पाठन नियमित रूपमा सुचारु गर्न खेलकुद क्षेत्रको सुदृढीकरण गरी कुशल खेलाडीहरु उत्पादन गर्ने तथा कला, संगीत र योगका माध्यमबाट विद्यार्थीहरुको प्रतिभालाई प्रोत्सान गरी स्वस्थ, नैतिकवान एवं चरित्रवान नागरिक तयार पार्नका लागि सहयोग गर्न वाञ्छनीय भएकाले भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ को दफा ३७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाको ८५औं नगर कार्यपालिका बैठकबाट पारित भई यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद- "एक"
## प्रारम्भ, संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र परिभाषाः** यो कार्यविधिको नाम 'भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८०' रहेको छ।

२. **प्रारम्भः** यो कार्यबिधि तुरन्त प्रारम्भ हुनेछ।

३. **विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

क) 'महानगरपालिका' भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्दछ।

ख) 'नगर सभा' भन्नाले भरतपुर महानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ग) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

घ) 'नगर शिक्षा समिति' भन्नाले भरतपुर महानगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

ङ) 'महाशाखा' भन्नाले भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखालाई सम्झनु पर्दछ।

च) 'नगर शिक्षा अधिकारी' भन्नाले भरतपुर महानगरपालिकाको नगर शिक्षा अधिकारीलाई जनाउनेछ ।

छ) 'खेलकुद विकास समिति संयोजक' भन्नाले भरतपुर महानगरपालिकाको खेलकुद विकास समितिका संयोजकलाई जनाउनेछ।

ज) 'युवा स्वयंसेवक' भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्ति हुने युवा स्वयंसेवक तहगत शिक्षक, प्रारम्भिक बाल विकास शिक्षक, स्रोत शिक्षक, आया, खेल प्रशिक्षक, कला, संगीत, योग प्रशिक्षकलाई सम्झनु पर्दछ ।

झ) 'सामुदायिक विद्यालय' भन्नाले भरतपुर महानगरपालिकाभित्र सरकारी अनुदान पाउने गरी सञ्चालित विद्यालय सम्झनु पर्दछ।

ञ) 'शिक्षक दरबन्दी' भन्नाले सामुदायिक विद्यालयमा उपलब्ध गराइएका स्वीकृत शिक्षक दरबन्दी र राहत अनुदान कोटा सम्झनु पर्दछ ।

## परिच्छेद- "दुई"
## युवा स्वयंसेवक शिक्षक सम्बन्धी व्यवस्था

**४. युवा स्वयंसेवक शिक्षक परिचालनका उद्देश्यः**

१) सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम विषयगत जनशक्ति उपलब्ध गराउने।

२) निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको पहुँच सुनिश्चत गर्न विषयगत शिक्षक व्यवस्था गरी बालमैत्री निरन्तर सिकाइको वातावरण निर्माण गर्न।

**५. युवा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउने आधारः**

१) युवा स्वयंसेवक शिक्षक निम्न आधारमा उपलब्ध गराइने छः

क) न्यूनतम् शिक्षक दरबन्दी नभएका र विद्यार्थी अनुपात बढी भएको विद्यालय ।

ख) कक्षागत शिक्षक दरबन्दी अपुग भएको विद्यालय ।

ग) शिक्षक प्रसुति बिदा बसेको विद्यालय ।

घ) विशेष विद्यालय र स्रोत कक्षा सञ्चालन भई जनशक्ति अपुग भएका विद्यालय ।

२) हरेक आर्थिक वर्षका लागि नगरसभाले युवा स्वयंसेवक शिक्षकका लागि छुट्याइएको बजेटका आधारमा नगर शिक्षा समितिले हरेक वर्षका लागि युवा स्वयंसेवक शिक्षक कोटा निर्धारण गर्नेछ।

३) उपदफा (२) बमोजिम कोटा निर्धारण गर्दा उपदफा (१) को (क), (ख), (ग) र (घ) का लागि छुट्टाछुट्टै कोटा निर्धारण गर्न सक्नेछ।

४) खेलकुद, कला, सङ्गीत, योग स्वयंसेवकको कोटा निर्धारण नगर शिक्षा समितिको निर्णय बमोजिम हुनेछ।

## ६. योग्यताः

१) युवा स्वयंसेवक शिक्षकमा उम्मेद्वार हुन देहाय बमोजिम योग्यता आवश्यक पर्नेछ:

क) प्रारम्भिक बाल विकासका लागि कक्षा १२ वा सो सरह उत्तीर्ण।

ख) आधारभूत तह (१-८) का लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण।

ग) माध्यमिक तह (९-१०) का लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण।

घ) विशेष विद्यालय तथा स्रोत कक्षाका आयाका लागि कक्षा ८ उतीर्ण।

ङ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक।

२) यस कार्यविधि बमोजिम नियुक्त हुने युवा स्वयंसेवक शिक्षकका लागि अध्यापन अनुमति पत्र र तालिम अनिवार्य हुने छैन।

## ७. युवा स्वयंसेवक शिक्षकको विषयः

१) यस कार्यविधि बमोजिम युवा स्वयंसेवक शिक्षक अंग्रेजी, गणित र विज्ञान मूल विषय लिई तोकिएको योग्यता प्राप्त गरेका व्यक्ति मात्र नियुक्ति हुनेछन्।

२) उपदफा (१) मा उल्लेखित विषय बाहेक अन्य विषयमा युवा स्वयंसेवक शिक्षक नियुक्ति गर्न महानगरपालिकाले पदपूर्ति अनुमति दिनेछैन।

३) उपदफा (१), (२) मा जेसुकै कुरा लेखिएको भएतापनि प्रारम्भिक बाल विकास शिक्षक र स्रोत शिक्षकका लागि विषय आवश्यक पर्नेछैन। तर स्रोत शिक्षकका हकमा सम्बन्धित विषयको आधारभूत तालिम प्राप्त गरेको हुनु पर्नेछ।

## परिच्छेद- "तीन"
## युवा स्वयंसेवक खेल प्रशिक्षक

**८. युवा स्वयंसेवक खेल प्रशिक्षक परिचालनका उद्देश्यहरूः**

क) राष्ट्रिय खेलकुद नीति २०६७ मा व्यवस्था भएअनुसार स्थानीय आवश्यकताका आधारमा लोकप्रिय खेल तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा तोकिएका खेलहरूको विकासमा जोड दिने ।

ख) राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने अवधारणालाई कार्यन्वयनमा ल्याउन वडा तथा विद्यालय तहदेखि नै खेलकुदलाई जनजीवनको अङ्ग बनाउने गरी खेलकुद प्रशिक्षण सञ्चालन गर्ने ।

ग) स्वस्थ र अनुशासित नागरिक तयार पार्न टोल विकास संस्था, खेलकुद क्लबहरूलाई प्रशिक्षण तथा प्रतियोगिता सञ्चालनमा दक्ष जनशक्ति उपलब्ध गराउने ।

घ) प्रतिभाशाली खेल प्रतिभा पहिचान गरी भरतपुर महानगरलाई बाह्रै महिना खेलकुदको थलोको रुपमा विकास गर्ने।

**९. युवा स्वयंसेवक खेल प्रशिक्षकको योग्यताः**

१) यस कार्यविधिअनुसार नियुक्त हुने युवा स्वयंसेवक खेल प्रशिक्षकको योग्यता निम्नानुसार हुनेछः

क) मान्यताप्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको,

ख) नेपाली नागरिक,

ग) २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको,

घ) मान्यता प्राप्त स्वास्थ्य संस्थाको निरोगिताको प्रमाणपत्र पेस गरेको,

ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागी भई महत्वपूर्ण स्थान हासिल गरेका खेलाडी,

च) कुनै खेल तोकिएको भए तोकिएको खेलमा र नतोकिएको भए मान्यता प्राप्त कुनै एक खेलको आधारभूत खेल प्रशिक्षक तालिम लिएको वा खेल विज्ञान वा स्वास्थ्य तथा शारीरिक शिक्षा बिषयमा स्नातक उत्तीर्ण गरेका व्यक्तिलाई प्राथमिकता दिइने छ।

छ) भरतपुर महानगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।

२) खेलकुद युवा स्वयंसेवकका मूल्याकंनका आधार अनुसूचि-४ बमोजिम हुनेछ।

## परिच्छेद- "चार"

## युवा स्वयंसेवक कला, संगीत, नृत्य तथा योग प्रशिक्षक

**१०. युवा स्वयंसेवक कला, संगीत, नृत्य तथा योग प्रशिक्षक परिचालनका उद्देश्यः**

१) यस कार्यविधि अनुसार नियुक्त हुने युवा स्वयं सेवक कला, संगीत तथा योग प्रशिक्षक परिचालनका उद्देश्य निम्नानुसार रहेका छन्:

क) व्यक्तिको सर्वाङ्गीण विकासको लागि कला, संगीत, नृत्य र योग बारे आधारभूत प्रशिक्षण प्रदान गरी विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभाहरुलाई उजागर गर्ने।

ख) प्राज्ञिक उन्नयनमा जोड दिई कला तथा सङ्गीतको माध्यमबाट आत्मनिर्भर बनाउन सहयोग पुर्‍याउने।

ग) आध्यात्मिक अनुशासनमा जोड दिई निरोगी तथा आरोज्ञयुक्त जीवनशैली अपनाउन सक्ने बनाउने।

**११. युवा स्वयंसेवकको कला, संगीत, नृत्य तथा योग प्रशिक्षकको योग्यताः**

१) यस कार्यविधि अनुसार नियुक्त हुने युवा स्वयं सेवक कला, संगीत तथा योग प्रशिक्षक योग्यता निम्नानुसार हुनेछः

क) मान्यताप्राप्त शैक्षिक संस्थाबाट एसईई वा सो सरह उत्तीर्ण गरेको।

ख) नेपाली नागरिक।

ग) २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

घ) सम्बन्धित विषयमा कम्तिमा ३ महिनाको आधारभूत तालिम प्राप्त।

ङ) ३ महिनाभन्दा बढी अवधिको तालिम प्राप्त तथा सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सम्मान, पुरस्कार र प्रमाणपत्र प्राप्त व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

च) भरतपुर महानगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।

२) युवा स्वयंसेवक मूल्याकंनका आधार अनुसूचि-५ बमोजिम हुनेछ।

## परिच्छेद-“पाँच”
## समिति गठन, छनौट विधि र नियुक्ति

**१२. युवा स्वयंसेवक छनौट समिति :**

१) यस कार्यविधि बमोजिम युवा स्वयंसेवक शिक्षक नियुक्तिका लागि विद्यालय तहमा देहाय बमोजिम छनौट समिति रहनेछः

क) संयोजक : विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

ख) सदस्यः महानगरका सम्बन्धित क्षेत्र हेर्ने विद्यालय निरीक्षक

ग) सदस्य : विषयविज्ञ

ग) सदस्य सचिव : विद्यालयका प्रधानाध्यापक

२) खेलकुद, कला, संगीत, नृत्य र योग युवा स्वयं सेवक नियुक्तिका लागि देहाय बमोजिम छनौट समिति रहनेछः

क) संयोजक : नगर शिक्षा अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा सेवाको अधिकृत

ख) सदस्य: प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना

ग) सदस्य: नगर प्रमुखले मनोनित गरेको सम्बन्धित क्षेत्रको विशेषज्ञ एक जना

घ) सदस्य: महानगर प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको जिम्मेवारी तोकीएको अधिकृत कर्मचारी एक जना

ङ) सदस्य सचिव: शैक्षिक प्रशासन महाशाखाको अधिकृतस्तरको कर्मचारी

३) छनौट समितिमा सम्बन्धित विषयका विषयविज्ञहरुलाई सदस्यका रूपमा आमन्त्रण गर्न सकिनेछ।

४) छनौट समितिले युवा स्वयंसेवक नियुक्ति गर्दा मूल्याङ्कनको आधार सम्बन्धित अनुसूचीहरु ३, ४ र ५ बमोजिम हुनेछ।

**१३. पदपूर्ति अनुमति, छनोट र नियुक्ति:**

१) परिच्छेद दुईमा उल्लेख भएबमोजिमको युवा स्वयंसेवक शिक्षकको कोटा प्राप्त भएपछि विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित

शैक्षिक प्रशासन महाशाखामा पदपूर्ति अनुमति माग गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम विद्यालयले पदपूर्ति माग गरेपछि महाशाखाले अंग्रेजी, गणित र विज्ञान मध्ये कुनै एक विषयमा पदपूर्तिका लागि अनुमित दिनेछ ।

३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भएपछि विद्यालयले कम्तिमा ७ (सात) दिनको समय दिई स्थानीय पत्रिकामा विज्ञापन गर्नुपर्नेछ।

४) यसै कार्यविधिको परिच्छेद तीन र चार बमोजिम खेलकुद युवा स्वयंसेवक र कला, संगीत, नृत्य र योग युवा स्वयं सेवक छनोटका लागि महानगरको शैक्षिक प्रशासन महाशाखाले ७ (सात) दिनको समय दिई स्थानीय पत्रिकामा विज्ञापन गर्नुपर्नेछ।

५) उपदफा (३) र (४) बमोजिम विज्ञापन गर्दा दरखास्त दिने अन्तिम मिति, शैक्षिक योग्यता र पारिश्रमिक समेत उल्लेख भएको हुनुपर्नेछ।

६) उम्मेद्वारले देहाय बमोजिमका कागजात सहित शिक्षक युवा स्वयंसेवकले अनुसूची १ बमोजिम सम्बन्धित विद्यालयमा र खेलकुद, कला, संगीत, नृत्य र योग युवा स्वयंसेवकले अनुसूची २ बमोजिम शैक्षिक प्रशासन महाशाखामा निवेदन दिनुपर्नेछः

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

ग) आधारभूत तथा माथिल्लो तहको तालिम, सम्बन्धित विधाको विज्ञता वा दक्षता पुष्टि हुने प्रमाणपत्र तथा सम्मानपत्रहरु

७) उपदफा (३) बमोजिमको विज्ञापनबाट छनौट भएका युवा स्वयंसेवक शिक्षकले ३ (तीन) दिन भित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनु पर्नेछ ।

८) उपदफा (४) बमोजिमको विज्ञापनबाट छनोट भएका उम्मेदवारहरुलाई महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले करार नियुक्ति दिई सम्बन्धित विद्यालय वा वडामा पठाउने छ।

९) उपदफा (९) बमोजिम नियुक्त भएका स्वयंसेवकले परिचालन सिमितिको निर्णय बमोजिम दुई वा सो भन्दा बढी विद्यालयमा स्वयंसेवा उपलब्ध गराउनु पर्नेछ ।

१०) उपदफा (७) र (८) बमोजिम नियुक्त युवा स्वयंसेवकले हाजिर नभएमा वैकल्पिक उम्मेद्वारलाई करार नियुक्ति दिइनेछ ।

११) युवा स्वयंसेवकको करार सम्झौता अनुसूची ६ र ७ बमोजिम हुनेछ ।

**१४. छनौट सम्बन्धी विशेष व्यवस्था :**

१) महानगरपालिकाले यस कार्यविधिको दफा (३) बमोजिम विद्यालयहरुलाई युवा स्वयंसेवक शिक्षक दरबन्दी उपलब्ध गराएपछि आवश्यक संख्यामा विज्ञापन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम विज्ञापन गर्नु पूर्व महानगरपालिकाले दरबन्दी पाएका विद्यालयहरुबाट आवश्यक विषयको विवरण संकलन गर्नुपर्नेछ ।

३) दफा १२ र १३ बमोजिमका समितिहरुले उम्मेदवारको शैक्षिक योग्यता, अन्तर्वार्ता र कक्षा अवलोकनबाट समेत उच्चतम् अंक प्राप्त गर्ने उम्मेद्वाहरुको सूची तयार गरी नियुक्तिका लागि सिफारिस गर्नेछ ।

**१५. युवा स्वयंसेवक नियुक्ति :**

१) दफा १२ को उपदफा १ बमोजिम छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई सम्बन्धित विद्यालयको प्रधानाध्यापकले (अनुसूचि ८ बमोजिम) र दफा १२ को उपदफा २ बमोजिम छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई भरतपुर महानगरपालिका नगर शिक्षा अधिकारीले (अनुसूचि ९) बमोजिम युवा स्वयंसेवक नियुक्त गरी सम्बन्धित विद्यालयमा खटाउने छ ।

## परिच्छेद-"छ"
## विविध

**१६. युवा स्वयंसेवक परिचालन तथा व्यवस्थापन समितिः**

१) यस कार्यविधि बमोजिम नियुक्त हुने युवा स्वयंसेवकको परिचालन, स्वयंसेवकका कार्यको प्रभावकारिता अध्ययन र मूल्याङ्कन गरी आवश्यक नीतिगत निर्णय तथा निर्देशनका लागि महानगरमा देहायको युवा स्वयंसेवक परिचालन तथा व्यवस्थापन समिति रहनेछः

क) अध्यक्षः नगर प्रमुख

ख) सदस्यः नगर उपप्रमुख

ग) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

घ) सदस्यः सामाजिक विकास समितिका संयोजक

ङ) सदस्यः कार्यपालिका सदस्य मध्येबाट नगर प्रमुखबाट मनोनित एक जना

च) सदस्यः सामुदायिक विद्यालयका प्र.अ.मध्येबाट नगर प्रमुखबाट मनोनित एक महिलासहित २ जना

छ) सदस्यः भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानले तोकेका एकजना प्रतिनिधि

ज) सदस्यः नगर खेलकुद विकास समिति संयोजक

झ) सदस्य-सचिव : नगर शिक्षा अधिकारी

२) समिति बैठकमा सम्बन्धित विषयका विज्ञहरुलाई सदस्यका रूपमा आमन्त्रण गर्न सकिने छ।

**१७. युवा स्वयंसेवक परिचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

क) युवा स्वयंसेवकको सङ्ख्या र सेवा शर्त निर्धारण तथा पुनरावलोकनका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्ने।

ख) युवा स्वयंसेवकहरूको कार्यविभाजन, परिचालन, अनुगमन तथा मूल्याङ्कन गर्ने।

ग) युवा स्वयंसेवकको काम प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक व्यवस्था मिलाउने।

घ) युवा स्वयंसेवक परिचालन सम्बन्धी आवश्यक नीतिगत निर्णयका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्ने।

**१८. युवा स्वयंसेवकको काम, कर्तव्य र अधिकारः**

१) यस कार्यविधि बमोजिम नियुक्त हुने युवा स्वयंसेवकको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

क) प्रशासनिक रुपमा विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी हुने। र शैक्षिक रुपमा प्रधानाध्यापकप्रति उत्तरदायी हुने।

ख) खेलकुद, कला, संगीत, नृत्य र योग युवा स्वयंसेवकको हकमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र महानगरको शैक्षिक प्रशासन महाशाखाप्रति जवाफदेही हुने।

ग) विद्यालयद्वारा तोकिएको विषय नियमित रूपमा अध्यापन वा प्रशिक्षण र अभ्यास गर्ने गराउने।

घ) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्ने ।

ङ) प्रचलित ऐन, नियम र विद्यालयको आचार संहिताको पूर्ण पालना गर्ने ।

च) विद्यार्थीलाई सम्मानजनक र भेदभाव रहित व्यवहार गर्ने ।

छ) राजनैतिक व्यवहार प्रकट नगर्ने र राजनैतिक आधारमा विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग व्यवहार नगर्ने ।

ज) राष्ट्रियता, राष्ट्रिय एकता, सामाजिक सदभावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न नहुने,

२) युवा स्वयंसेवकले सम्झौता बमोजिमको प्रशिक्षण कार्य गर्न असमर्थ भएमा वा नचाहेमा एक महिना अगावै समितिलाई लिखित जानकारी गराउनु पर्ने छ ।

**१९. युवा स्वयंसेवकको पारिश्रमिक :**

१) यस कार्यविधि बमोजिम नियुक्ति हुने युवा स्वयंसेवकको पारिश्रमिक महानगरले तोकेबमोजिम हुनेछ ।

२) सम्बन्धित विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट निश्चित रकम पारिश्रमिकमा थप गर्न सक्नेछ ।

३) महानगरपालिकाले औचित्यका आधारमा युवा स्वयंसेवकको पारिश्रकमिकमा समय समयमा परिवर्तन गर्न सक्नेछ।

४) महानगरपालिकाको बजेट बाहेक सम्बन्धित वडा कार्यालयले वडाको बजेटमध्ये शिक्षामा विनियोजन गर्ने बजेटबाट युवा स्वयंसेवक नियुक्ति गर्न परेमा सम्बन्धित वडा कार्यालयले शैक्षिक प्रशासन महाशाखामा कुन क्षेत्र र विषयको स्वयंसेवक नियुक्ति गर्ने हो सो खुलाई लेखी पठउन पर्नेछ । सम्बन्धित वडाबाट युवा स्वयंसेवक छनौटका लागि लेखिपठाएमा यसै कार्यविधि बमोजिमको प्रकृयाबाट माग भएको क्षेत्र, विषय र संख्यामा युवा स्वयंसेवक छनौट गरी नियुक्तिका लागि सम्बन्धित वडामा सिफारिस सहित पठाउनु पर्नेछ ।

५) वडाको कार्यक्रम र बजेटमा नियुक्त युवा स्वयंसेवकको युवा स्वयंसेवक भत्ता भुक्तानी कार्यरत विद्यालयको सिफारिसमा सम्बन्धित वडा कार्यालयबाट हुनेछ ।

**२०. युवा स्वयंसेवकको अवकाश:**

१) युवा स्वयंसेवकको काम प्रभावकारी नभएमा परिचालन तथा व्यवस्थापन समितिको निर्णयबाट करार सम्झौता भंग गरी युवा स्वयंसेवकबाट निस्कासन गर्न सकिनेछ। निस्कासन पूर्व सफाइको मौका भने दिइनेछ ।

२) यस कार्यविधि बमोजिम नियुक्त हुने युवा स्वयंसेवकको सेवा अवधि एक पटकमा एक आर्थिक वर्षका लागि हुनेछ । तर स्वयंसेवकको काम प्रभावकारी देखिएमा पुन: एक आर्थिक वर्षको लागि म्याद थप्न सकिनेछ। तर एउटै व्यक्तिलाई निरन्तर दुई बर्षभन्दा बढी अवधिका लागि युवा स्वयंसेवकमा नियुक्त गर्न पाइने छैन ।

३) कुनै कारणले नगरसभाबाट युवा स्वयंसेवकका लागि बजेट व्यवस्था हुन नसकेमा वा विद्यार्थी सङ्ख्याका आधारमा युवा स्वयंसेवक शिक्षक कोटा कटौती हुने भएमा त्यस्ता विद्यालयमा कार्यरत युवा स्वयंसेवकको स्वत: अवकाश हुनेछ ।

**२१. उजुरी:**

१) युवा स्वयंसेवक शिक्षक नियुक्ति प्रक्रियामा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले महानगरपालिकामा उजुरी गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम परेको उजुरीमा युवा स्वयं सेवक परिचालन तथा व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२२. खारेजी र बचाउ :**

१) भरतपुर महानगरपालिका युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८ खारेज गरिएको छ ।

२) भरतपुर महानगरपालिका युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८ बमोजिम भएका कार्यहरु यसै कार्यबमोजिम भएको मानिने छ ।

३) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

४) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुने छ ।

अनुसूची १

आवेदन फारम

## युवा स्वयंसेवक हुन दिइने निवेदनको ढाँचा

(दफा १३ को उपदफा ६ संग सम्बन्धित )

श्री प्रधानाध्यापक ज्यू,

............................विद्यालय,

................, चितवन।

**विषय - युवा स्वयंसेवकमा नियुक्ति पाऊँ।**

उपर्युक्त सम्बन्धमा ....................................मा प्रकाशित सूचना अनुसार भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि 20८० ले तोकेका सेवा,शर्त र सुविधाको अधीनमा रही शिक्षण स्वयंसेवा गर्न ईच्छुक रहेकाले यो निवेदन पेश गरेको छु।

**निवेदकको विवरण**

१. निवेदकको नाम थर -

२. बाबुको नाम - ३. आमाको नाम -

४. ठेगाना - ५. सम्पर्क फोन नं. -

६. शैक्षिक योग्यताको विवरण -

| क्र. सं. | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शै.सं.को नाम | प्राप्ताङ्क प्रतिशत/ GPA | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७) तालिम तथा विशिष्टताको ख्याली जनाउने कागजातहरु

सम्लग्न कागजातहरू :

निवेदकको दस्तखत मिति ........................

अनुसूची २

आवेदन फारम

**युवा स्वयंसेवक हुन दिइने निवेदनको ढाँचा**

(दफा १३ को उपदफा ६ सँग सम्बन्धित )

श्री नगर शिक्षा अधिकारीज्यू
शैक्षिक प्रशासन महाशाखा
भरतपुर महानगरपालिका,चितवन ।

**विषय - युवा स्वयंसेवक छनोटमा सम्मिलित हुन पाऊँ ।**

उपर्युक्त सम्बन्धमा ....................................मा प्रकाशित सूचना अनुसार भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० ले तोकेका सेवा,शर्त र सुविधाको अधीनमा रही खेलकुद/ कला, संगीत, योग विधामा स्वयंसेवा गर्न ईच्छुक रहेकाले यो निवेदन पेश गरेको छु ।

**निवेदकको विवरण**

१. निवेदकको नाम थर -

२. बाबुको नाम - ३. आमाको नाम -

४. ठेगाना - ५. सम्पर्क फोन नं. -

६. शैक्षिक योग्यताको विवरण -

| क्र. सं. | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शै. सं.को नाम | प्राप्ताङ्क प्रतिशत/ GPA/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७) तालिम तथा विशिष्टताको ख्याली जनाउने कागजातहरु

सम्लग्न कागजातहरू :

निवेदकको दस्तखत मिति ........................

अनुसूची ३

## युवा स्वयंसेवक शिक्षक छनौट प्रक्रिया/ मूल्याङ्कनको आधार

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित )

### १. युवा स्वयंसेवक शिक्षक छनौटका आधारहरु

क) कक्षा १२ मा नेपाली, अंग्रेजी र सामाजिक/गणित विषयमा प्राप्त गरेको अंक/GPA को जोडबाट आउने अंकबाट - ७५ अंक

ख) तालिम – ५

ग) अन्तरवार्ता - १० अंक

घ) कक्षा अवलोकन - १० अक

### २. आधारभूत तह कक्षा (१-८) को शिक्षक छनौट प्रक्रिया

क) कक्षा ११ र कक्षा १२ मा सम्बन्धित विज्ञापन भएको विषयमा प्राप्त गरेका अंक/GPA को ४०/४० अंकबाट - ८० अंक

ख) अन्तरवार्ता - १० अंक

ग) कक्षा अवलोकन - १० अंक

### ३. माध्यमिक तहको शिक्षक छनोट प्रक्रिया

क) स्नातक तहमा सम्बन्धित विज्ञापन भएको विषयमा प्रत्येक वर्ष/ सेमेष्टरमा प्राप्त गरेको अंक/GPA को कूल योगबाट - ८० अंक

ख) अन्तरवार्ता - १० अंक

ग) कक्षा अवलोकन - १० अंक

**नोट -**

१) अन्तरवार्तामा ३० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अंक दिनु परेमा कारण जनाउनु पर्नेछ।

२) बहुमत अन्तर्वार्ताकारले कारण जनाएर घटी वा बढी अंक नदिएको अवस्थामा घटी वा बढी अंक दिने अन्तर्वार्ताकारको अंक न्यूनतम/ अधिकतम् अंक मात्र मानी हिसाब गरिनेछ।

३) बाल विकास युवा स्वयंसेवक शिक्षकको तालिम वापतको अंक गणना गर्दा प्रथम, द्वितीय र तृतीय श्रेणी वा सो सरह वापत क्रमशः ५, ४, ३ अंक र श्रेणी नखुलेको भए द्वितीय श्रेणी सरहको अंक प्रदान गरिनेछ।

४) फरक क्षमता भएका विद्यार्थी अध्ययन गर्ने विशेष विद्यालय र स्रोत कक्षाका युवा स्वयंसेवक नियुक्ति गर्दा विषय तोकिने छैन र युवा स्वयंसेवक छनौट गर्दा जीपीए प्रतिशतलाई ६० अङ्क र सम्बन्धित क्षेत्र जस्तै : ब्रेललिपि, साङ्केतिक भाषाको ज्ञान बापत २० अङ्क र कक्षा अवलोकन १० अङ्क र अन्तर्वार्ता बापत १० अङ्क हुनेछ।

## अनुसुची – ४

### खेलकुद युवा स्वयंसेवकको योग्यता मूल्याङ्कन आधार

**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**

| क्र.सं. | मूल्याङ्कनको आधार | अंकभार | | | कै. |
|---|---|---|---|---|---|
| **१** | **शैक्षिक योग्यताः-** | **पूर्णाङ्क- २०** | | | |
| | (क) न्यूनतम् शैक्षिक योग्यता- | प्रथम श्रेणी | द्वितिय श्रेणी | तृतीय श्रेणी | |
| | | २० | १५ | १० | |
| २ | (ख)तालिम-<br>अ) आधारभूत तालिमः २५<br>आ) माथिल्लो तालिमः १० | **३५** | | | |

| | | | |
|---|---|---|---|
| ३ | क) राष्ट्रिय स्तरको पदक वापत बढीमा ३ पदकसम्मको -६ | ग) हासिल गरेको पदक बापत **१५** | |
| | | क)प्रति स्वर्ण पदक २ अङ्कका दरले बढीमा ३ पदकको: ६ अङ्क<br>ख)प्रति रजत पदक १.५ अङ्कका दरले बढीमा ३ पदकको: ४.५ अङ्क<br>ग) प्रति कास्य पदक १ अङ्कका दरले बढीमा ३ पदकको: ३ अङ्क | |
| | ख)प्रदेश स्तरीय पदक वापत बढीमा ३ पदक सम्मको ४.५ | क)प्रति स्वर्ण पदक १.५ अङ्कका दरले बढीमा ३ पदकको: ४.५ अङ्क<br>ख)प्रति रजत पदक १ अङ्कका दरले बढीमा ३ पदकको: ३ अङ्क<br>ग) प्रति कास्य पदक १ अङ्कका दरले बढीमा ३ पदकको: ३ अङ्क | |
| | ग)जिल्ला स्तरीय पदक वापत बढीमा ३ पदक सम्मको ३ | क)प्रति स्वर्ण पदक १ अङ्कका दरले बढीमा ३ पदकको: ३ अङ्क<br>ख)प्रति रजत पदक ०.७ अङ्कका दरले बढीमा ३ पदकको: २.१ अङ्क<br>ग) प्रति कास्य पदक ०.५ अङ्कका दरले बढीमा ३ पदकको: १.५ अङ्क | |
| | घ) महानगर स्तरीय पदक वापत बढीमा ३ पदकसम्मको ३ | क)प्रति स्वर्ण पदक १ अङ्कका दरले बढीमा ३ पदकको: ३ अङ्क<br>ख)प्रति रजत पदक ०.७ अङ्कका दरले बढीमा ३ पदकको: २.१ अङ्क<br>ग) प्रति कास्य पदक ०.५ अङ्कका दरले बढीमा ३ पदकको: १.५ अङ्क | |
| ४ | महानगरपालिकाको बासिन्दा भए | १० | |
| ५ | **अन्तर्वार्ता** | पूर्णाङ्क - २५ | |
| | विषयबस्तु सम्बन्धी ज्ञान र अनुभव | | |
| | स्वयंसेवी भावना | | |
| | शारीरिक तन्दुरुस्ती | | |
| | प्रस्तुति र व्यक्तित्व | | |
| | **जम्मा** | १०० | |

## अनुसुची – ५

## **कला/सङ्गीत/योग स्वयसेवक** योग्यता र मूल्याङ्कनका आधार

## **(दफा ११ को उपदफा (२) सँग सम्बन्धित )**

<table>
<tr><th>क्र.सं.</th><th>मूल्याङ्कनको आधार</th><th>अंकभार</th><th>कै.</th></tr>
<tr><td>१</td><td>शैक्षिक योग्यताः-</td><td>पूर्णाङ्क- ३५</td><td></td></tr>
<tr><td>१</td><td>न्यूनतम् शैक्षिक योग्यता-२० अङ्क</td><td><table><tr><td>प्रथम श्रेणी</td><td>द्वितीय श्रेणी</td><td>तृतीय श्रेणी</td></tr><tr><td>२०</td><td>१५</td><td>१०</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>सम्बन्धित विषय वा विधामा माथिल्लो शैक्षिक योग्यता - १५ अङ्क</td><td><table><tr><td>प्रथम श्रेणी</td><td>द्वितीय श्रेणी</td><td>तृतीय श्रेणी</td></tr><tr><td>१५</td><td>१२</td><td>१०</td></tr></table></td><td></td></tr>
<tr><td>२</td><td>तालिम</td><td>पूर्णाङ्क ३५</td><td></td></tr>
<tr><td></td><td>● आधारभूत तालिम(कम्तीमा ३ महिना अवधिको) १५ अङ्क<br>● माथिल्लो तालिम (३ महिनाभन्दा बढी अवधिको) २० अङ्क</td><td></td><td></td></tr>
<tr><td>३</td><td>महानगरपालिकाको बासिन्दा</td><td>५</td><td></td></tr>
<tr><td>४</td><td>अन्तर्वार्ता</td><td>पूर्णाङ्क -२५</td><td></td></tr>
<tr><td></td><td>सम्बन्धित विषयबस्तु सम्वन्धी ज्ञान र अनुभव</td><td>१०</td><td></td></tr>
<tr><td></td><td>स्वयंसेवी भावना</td><td>५</td><td></td></tr>
<tr><td></td><td>कला/सङ्गीत/नृत्य र योग विषयमा प्राप्त सम्मान तथा पुरस्कारका आधारमा</td><td>५</td><td></td></tr>
<tr><td></td><td>प्रस्तुति र व्यक्तित्व</td><td>५</td><td></td></tr>
<tr><td></td><td></td><td>१००</td><td></td></tr>
</table>

## अनुसूची - ६

शिक्षक युवा स्वयंसेवक करार सम्झौता फारम

**(दफा १३ को उपदफा ११ संग सम्बन्धित )**

## युवा स्वयंसेवक करार सम्झौता ( शिक्षण)

भरतपुर महानगरपालिका वडा नं ....... स्थित श्री .......................................... विद्यालय (यसपछि प्रथम पक्ष) र ..................जिल्ला ............................पालिका वडा नं. ...... बस्ने नेपाली नागरिकता प्रमाण नं. ................ ( जिल्ला .............जारी मिति ......................) वाहकका वर्ष .........का श्री.......................................... को नाती/नातिनी श्री ...............................................छोरा/ छोरी श्री ............ ...............................( यसपछि दोस्रो पक्ष ) बीच भरतपुर महानगरपालिकाको मिति .......................को निर्णय बमोजिम देहाय बमोजिमको शर्त र सुविधा लिने/दिने गरी ................ युवा स्वयंसेवक सेवा उपलब्ध गराउन दुबैपक्ष मञ्जुर भएकाले यो करार पत्रमा सहीछाप गरि लियौं/ दियौं ।

**तपसिलः**

१) दोश्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा **भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८०** अनुसार युवा स्वयंसेवकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

२) दोश्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको समय, विषय र कक्षाहरुमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा औषत उपलब्धीप्रति पूर्णरुपमा जवाफदेही रहने ।

३) दोश्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

४) दोश्रो पक्षले विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहमागिता जनाउने ।

५) दोश्रो पक्षले विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र वि.व्य.स. प्रति जवाफदेही हुने ।

६) प्रथम पक्षले भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० ले तोकेको सेवा सुविधा उपलब्ध गराउने ।

७) भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० अनुसार कार्य सम्पादन नभएको वा आचार संहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै बेला युवा स्वयंसेवकबाट हटाउन सक्नेछ ।

८) यो करार सम्झौता मिति ...........गतेबाट मिति ...............सम्म लागु हुनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| .......................... | ............................. |
| नाम थर | नाम थर |
| पद /छाप | ठेगाना |
| ................विद्यालय र ठेगाना | |
| रोहवर | |

१) नाम /पद दस्तखत ........................

मिति - 20....../........../...........

## अनुसूची - ७
## खेलकुद/कला, संगीत, योग युवा स्वयंसेवकको करार सम्झौता फारम
## (दफा १३ को उपदफा ११ संग सम्बन्धित )

### युवा स्वयंसेवक करार सम्झौता

भरतपुर महानगरपालिका वडा नं ....... स्थित श्री ........................................ विद्यालय ( यसपछि प्रथम पक्ष ) र ..................जिल्ला ..........................पालिका वडा नं. ...... बस्ने नेपाली नागरिकता प्रमाण नं. ................ ( जिल्ला .............जारी मिति ......................) वाहकका वर्ष .........का श्री.......................................... को नाती/नातिनी श्री ...............................................छोरा/ छोरी श्री ............ ...............................( यसपछि दोस्रो पक्ष ) बीच भरतपुर महानगरपालिकाको मिति .......................को निर्णय बमोजिम देहाय बमोजिमको शर्त र सुविधा लिने/दिने गरी ................. युवा स्वयंसेवक सेवा उपलब्ध गराउन दुबैपक्ष मञ्जुर भएकाले यो करार पत्रमा सहीछाप गरि लियौं/ दियौं ।

**तपसिल**

१) दोश्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० अनुसार युवा स्वयंसेवकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

२) दोश्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको समय, विषय र कक्षाहरुमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा औषत उपलब्धीप्रति पूर्णरुपमा जवाफदेही रहने ।

३) दोश्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

४) दोश्रो पक्षले विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहमागिता जनाउने ।

५) दोश्रो पक्षले विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र वि.व्य.स. प्रति जवाफदेही हुने। खेलकुद/कला, संगीत, योग युवा स्वयंसेवकको हकमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समिति र महानगरको शैक्षिक प्रशासन महाशाखाप्रति जवाफदेही हुनेछन्।

६) प्रथम पक्षले भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० ले तोकेको सेवा सुविधा उपलब्ध गराउने।

७) भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० अनुसार कार्य सम्पादन नभएको वा आचार संहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै बेला युवा स्वयंसेवकबाट हटाउन सक्नेछ।

८) यो करार सम्झौता मिति ...........गतेबाट मिति ...............सम्म लागु हुनेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| .......................... | ............................. |
| नाम थर | नाम थर |
| पद /छाप | ठेगाना |

भरतपुर महानगरपालिका
शैक्षिक प्रशासन महाशाखा /
रोहवर

१) नाम /पद
दस्तखत ......................... मिति - .........................

# अनुसूची - ८
## नियुक्ती पत्र
## (दफा १५ को उपदफा १ संग सम्बन्धित)

......................विद्यालय मिति : ........................

**विषय : नियुक्ति ।**

श्री..................................महासय !

तपाईलाई भरतपुर महानगरपालिका .........मिति........को निर्णय अनुसार भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० को दफा .........बमोजिम मिति .............देखि लागू हुने गरी बढीमा एक वर्षको लागि युवा स्वयंसेवक शिक्षक भई कामकाज गर्नेगरी नियुक्त गरिएको छ ।
तोकिएको कार्यक्षेत्रमा कुशलतापूर्वक जिम्मेवार र लगनशील भई आफ्नो कार्यसम्पादन इमान्दारितापूर्वक सम्पन्न गर्नहुनेछ भन्ने अपेक्षा गरिएको छ।

**वोधार्थ**

१) भरतपुर महानगरपालिका, शैक्षिक प्रशासन महाशाखा, भरतपुर चितवन ।

२) भरतपुर महानगरपालिका आर्थिक प्रशासन शाखा, भरतपुर चितवन

.........................

प्रधानाध्यापक

............विद्यालय

## अनुसूची - ९
## नियुक्ति पत्र
## (परिच्छेद पाँच को दफा १५ को उपदफा १ संग सम्बन्धित)

मिति : ............................

**विषय : नियुक्ति ।**

श्री..................................

महासय !

तपाईलाई भरतपुर महानगरपालिका .........मिति........को निर्णय अनुसार भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० को दफा .........बमोजिम मिति .............देखि लागू हुने गरी बढीमा एक वर्षको लागि युवा स्वयंसेवक शिक्षक भई कामकाज गर्नेगरी नियुक्त गरिएको छ।
तोकिएको कार्यक्षेत्रमा कुशलतापूर्वक जिम्मेवार र लगनशील भई आफ्नो कार्यसम्पादन इमान्दारितापूर्वक सम्पन्न गर्नहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

**वोधार्थ**

१) ........................विद्यालय

२) भरतपुर महानगरपालिका आर्थिक प्रशासन शाखा, भरतपुर चितवन ।

...............................

नगर शिक्षा अधिकारी

भरतपुर महानगरपालिका

आज्ञाले,

**नरेन्द्र कुमार राना**

प्रमुख प्रशासकीय अधिकृत